# त्रिभुवन विश्वविद्यालय
## इन्जिनियरिंग अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

आनन्द निकेतन, पुलचोक ।
ललितपुर ।
मिति: २०७०।७।२७

विषय : **स्नातकोत्तर (M.Sc.) तहमा भर्नाको लागि दोश्रो सूची प्रकाशन गरिएको बारे ।**

इन्जिनियरिंग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डव्दारा मिति २०७०।७।९ गते संचालित स्नातकोत्तर तह (M.Sc.) तहको प्रवेश परीक्षामा उत्तिर्ण भई यस क्याम्पसमा भर्नाको लागि आवेदन दिने आवेदकहरु मध्येबाट प्रवेश परीक्षाको योग्यताक्रमानुसार यस क्याम्पसमा भर्नाको लागि प्रकाशित प्रथम सूची अनुसार तोकिएको समयमा भर्ना नभई स्थान रिक्त रहन आएकोले प्रवेश परीक्षाको योग्यताक्रमानुसार दोश्रो भर्ना सूची प्रकाशन गरिएको छ ।

भर्ना सूची प्रकाशन गर्दा सकेसम्म त्रुटी नहोस् भनी हर सम्भव प्रयास गरिएको छ । कुनै त्रुटी देखिएमा दावी विरोध गर्न सकिनेछ । दावि विरोधका लागि २०७० कार्तिक २७ गते दिनको १२:०० बजेदेखि ३:०० बजेसम्म लिखित रुपमा सूचना प्रविधि केन्द्रमा निवेदन दिनु पर्नेछ । सूची प्रकाशनमा गल्ती भएको पाइएमा पछि संशोधन गरी कार्तिक २७ गते अपरान्ह सूची प्रकाशन गरिनेछ ।

दोश्रो भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकहरुले मिति २०७० कार्तिक २८ र २९ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म भर्ना हुनु पर्नेछ । दोश्रो भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकले भर्ना नगरी स्थान रिक्त रहन आएमा यस पछिका सूची प्रकाशन र भर्ना सम्बन्धी कार्यक्रमका बारेमा २०७० मंसिर १ गते सूचना प्रकाशन गरिनेछ । सूचीमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकको सूचीबाट हटाइनेछ र पछि प्रकाशन हुने कुनैपनि सूचीमा प्रकाशन गरिने छैन ।

तल्लो प्राथमिकताका कार्यक्रममा वा नियमित कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्लो सूचीहरुमा माथिल्लो प्राथमिकता तोकेको कार्यक्रमहरुमा नाम प्रकाशन गरिनेछ । पुर्णशुल्किय कार्यक्रम अन्तर्गतको भर्नाको लागि पनि यही नियम लागू हुनेछ । अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका कुनै आवेदकको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पुर्णशुल्किय कार्यत्रममा निस्केमा निज पुर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनु पर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ । तर भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना भइसकेका कुनै विद्यार्थीले अब उप्रान्त माथिल्लो प्राथमिकतामा नसर्ने भनी लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदकहरु भर्ना भएकै कार्यक्रमा रहन सक्नेछन् ।

नोट : **यस अधिका सबै प्रक्रिया अनलाइन मार्फत भएको हुँदा कुनै आवेदकको नाम यस सूचीमा प्रकाशन भएको भएपनि निजको योग्यता Eligibility Requirement संग नमिलेको खण्डमा निज भर्नाको लीग योग्य हुनेछैन ।**

क्रमश: ....

**त्रिभुवन विश्वविद्यालय**

**इन्जिनियरिंग अध्ययन संस्थान**

# पुल्चोक क्याम्पस

**आनन्द निकेतन, पुलचोक ।**
**ललितपुर ।**



<u>भर्ना हुन आउँदा लिई आउनुपर्ने कागजातहरु</u>

- इ.अ.संस्थान एम एस्सी प्रवेश परीक्षाको Score Card को सक्कल प्रति
- Onlne Form भर्दा बुझाउनु पर्ने शुल्क सिद्धार्थ बैंक पाटन ढोका शाखामा यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा बुझाएको सक्कल भाउचर । प्रवेशिका (SLC), प्रविणता प्रमाणपत्र तह वा उच्च माध्यमिक तह/१०+२ तह वा डिप्लोमा तह वा सो सरह का साथै वि.ई.को परीक्षाको लब्धांक पत्र Transcript र चारित्रिक प्रमाणपत्रहरुको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति
- त्रि.वि. बाहेक अन्य विश्वविद्यालयबाट वि.ई. वा सो सरहको परीक्षा उत्तिर्ण गर्नेहरुले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेट, बोर्ड सर्टिफिकेट वा प्रोभिजनल सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति
- हालसालै खिचेको Passport Size को फोटो १ प्रति ।
- स्पोन्सर कार्यक्रममा नाम प्रकाशन भएका आवेदकले २ बर्षको सम्पूर्ण शुल्क भुक्तानी हुनेगरी प्रायोजन गर्ने संस्थाको एकाउण्ट पेयी चेक पेश गर्नु पर्नेछ ।

**भर्ना सम्बन्धी सूचना तथा दोश्रो भर्ना सूची यस क्याम्पसको web site www.pcampus.edu.np मा पनि हेर्न सकिनेछ ।**

जितेन्द्र मानन्धर
अध्यक्ष

<u>**बोधार्थ :**</u>

- श्रीमान डीनज्यू, इ.अ.संस्थान, डीनको कार्यालय, पुल्चोक ।
- श्री प्रवेश परीक्षा बोर्ड, इ.अ.सस्थान, पुल्चोक ।
- श्री विभागीय प्रमुखज्यू सिभिल/आर्किटेक्चर/इलेक्ट्रोनिक तथा कम्प्युटर/इलेकिटकल/मेकानिकल/आर्किटेक्चर/ विज्ञान तथा मानविकी विभाग
- श्री शैक्षिक प्रशासन शाखा/श्री आर्थिक प्रशासन शाखा/श्री पुस्तकालय पुल्चोक क्याम्पस ।